# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY

## Office of Municipal Executive

Bhratpur, Chitwan, Nepal

प.सं. ०७७/०७८
च.नं. २४६८

सुचना नं BHR/०२६/०७७/०७८

**अम्ब्रेला स्ट्रिटमा ठेक्का मार्फत कर संकलन बारे ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना।**

**प्रथम पटक अनलाईन सूचना प्रकाशित मिति २०७७/०९/०६**

भरतपुर महानगरपालिका वडा.नं,२२ पटिहानी अर्न्तगत रासी नदीको किनारमा भरतपुर महानगरपालिकाबाट निर्माण भएको Umbrella Street अर्न्तगत संचालन हुने पर्यटकीय कृयाकलाप, अवलोकन शुल्क, पार्किङ्ग शुल्क तथा अन्य व्यवसायीक कार्यलाई महानगरपालिकाको स्वामित्व एवँ करको दायरामा समेटी आन्तरिक आयमा बडोत्तरी गर्न तथा स्थानीय पर्यटन प्रवर्द्धन गर्नका लागि महानगरपालिकाबाट तोकीएका शर्तहरु बमोजिम, E-Bidding तथा ठेक्का बढाबढको माध्यमबाट तपसील वमोजिमको न्यूनतम अंक तोकी कार्यालयबाट तोकीएका अन्य शर्तहरु बमोजिम कर संकलन कार्यको ठेक्का बन्दोबस्त गर्न रीतपूर्वक ३०(तीस) दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको WWW.bolpatra.gov.np बाट बोलपत्र Download तथा Upload गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा.बैक, भरतपुरस्थित हि.नं १३१०१००३०१०१०००२ मा जम्मा गरेको भौचर बोलपत्र कागजात साथ Upload गर्नुपर्नेछ । बोलपत्रदाताले आफूले कबोल गरेको अकको १० प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, भरतपुर स्थित हि.नं १३१०१००३०३००००२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त “क” श्रेणीको कुनै वाणिज्य बैकको कम्तीमा १२०(एक सय बीस ) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी बैंक ग्यारेण्टी संकलन गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको हो, सो स्पष्ट खुलाई बोलपत्र ३१ औ दिनको १२ बजेभित्र दर्ता गरिसक्नु पर्नेछ ।योग्यतापुगेका ईच्छुक फर्म वा कम्पनीले देहाय बमोजिमका शर्तहरुका अधिनमा रही तोकीएका मिति र समयभित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| आय ठेक्का नं Metro/Bhr/o/NCB/44/077/078 | आ.ब ०७७/७८ | आ.व ०७८/७९ | आ.व ०७९/०८० | जम्मा(भ्याट तथा अग्रिम आय कर वाहेक) रु. |
|---|---|---|---|---|
| महानगरपालिकाले तोकेको न्यूनतम मूल्य रु. | रु.६०,००,०००/- | रु.६६००,०००/- | रु.७२,६०,०००/- | रु.१,९८,६०,०००/- |

थप जानकारीका लागि www.bharatpurmun.gov.np हेर्न सकिनेछ ।

..........................

प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)